जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८३ वैशाख १५ गते

## होल्डिङ सेन्टरमा राखिएका नागरिकलाई मानवोचित व्यवहार गर

काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेका सुकुम्वासी बस्तीहरू हटाउने कार्यले मानव अधिकार, सामाजिक न्याय र समावेशी विकासका आधारभूत मान्यतामाथि गम्भीर प्रश्न उठाएको छ । नेपालको संविधान र नेपालले १९९१ मा अनुमोदन गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत आवास, स्वास्थ्य, शिक्षा, रोजगारी तथा सम्मानजनक जीवनस्तरको अधिकार सुनिश्चित गरिएको छ ।

होल्डिङ सेन्टरमा राखिएका नागरिकहरूको अवस्थाबारे इन्सेकले अनुगमन गरेको छ । उक्त अनुगमनका क्रममा होल्डिङ सेन्टरमा रहेका नागरिकहरूको अवस्था सन्तोषजनक नरहेको पाइयो । त्यहाँ बसोबास, सरसफाइ, स्वास्थ्य सेवा, सफा खानेपानी तथा पर्याप्त खानाको अभाव देखियो । बलपूर्वक विस्थापनको यस प्रक्रियाले प्रभावित समुदायको आवासको अधिकार, रोजगारी तथा जीविकोपार्जनको स्रोत, बालबालिकाको शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचमा प्रत्यक्ष असर पुऱ्याएको छ । घर तथा आश्रय गुमाउनु केवल भौतिक क्षति मात्र नभई, यसले व्यक्तिको सामाजिक सञ्जाल, सुरक्षा भावना र मानवीय गरिमामा समेत गहिरो चोट पुऱ्याएको छ ।

यस सन्दर्भमा हामी नेपाल सरकारलाई निम्न विषयमा ध्यानाकर्षण गराउन चाहन्छौँ:

१. बलपूर्वक विस्थापनका कार्यहरू रोक्न तथा प्रभावित समुदायसँग अर्थपूर्ण, समावेशी र समाधानमुखी संवाद सुरु गर्न ।
२. विस्थापित परिवारहरूको सुरक्षित, सम्मानजनक र दिगो पुनर्स्थापना सुनिश्चित गर्न, वैकल्पिक आवास, जीविकोपार्जनका अवसर र आधारभूत सेवामा पहुँचको व्यवस्था गर्न ।
३. होल्डिङ सेन्टरहरूमा रहेका व्यक्तिहरूको मानवीय अवस्था सुधार गर्न, आवश्यक स्वास्थ्य, सरसफाइ, सुरक्षा तथा गोपनीयताको सुनिश्चितता गर्न ।
४. विकासका योजनाहरू कार्यान्वयन गर्दा मानव अधिकारमैत्री दृष्टिकोण अवलम्बन गर्न तथा सम्बन्धित समुदायको सहभागिता सुनिश्चित गर्न ।
५. दीर्घकालीन रूपमा सुकुम्बासी समस्याको न्यायोचित समाधानका लागि स्पष्ट नीति, कानुनी आधार र संस्थागत संयन्त्र विकास गर्न ।
६. ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिँदै उनीहरूको अधिकार, सुरक्षा र विशेष अवस्था तथा आवश्यकताको सम्बोधन सुनिश्चित गर्न ।

नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत गैरभेदभाव, सम्मानजनक जीवनस्तर, आवास, स्वास्थ्य, शिक्षा र रोजगारीका अधिकार सुनिश्चित गर्ने कानुनी दायित्व लिएको छ । विकासका नाममा कुनै पनि नागरिकलाई अधिकारविहीन बनाउने कार्य नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत हुन्छ ।

**विजयराज गौतम**
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्युचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org